# मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडको

## विक्रम सम्बत् २०८० साल आषाढ २० गते (तदनुसार 5th July 2023) बुधबारका दिन नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौंमा सम्पन्न भएको दशौँ एवं एघारौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका:

### १. पृष्ठभूमि:

मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडको दशौँ एवं एघारौँ वार्षिक साधारण सभा मिति २०८०।०३।२० गते तदनुसार 5th July 2023 बुधबारका दिन नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौंमा सम्पन्न भयो। सञ्चालक समितिका सदस्य श्री नारायण प्रसाद आचार्यले सभाको उद्घोषण गर्दै सञ्चालक समितिका अध्यक्ष, सञ्चालकहरु, शेयरधनीहरु तथा कम्पनीका पदाधिकारीहरुलाई आशन ग्रहण गर्न अनुरोध गर्नुका साथै सबैलाई कम्पनीको दशौँ एवं एघारौं वार्षिक साधारण सभामा हार्दिक स्वागत गर्नु भयो । साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री सुभाष कुमार मिश्रले गर्नु भएको थियो । साधारण सभामा अध्यक्षले आ.व.२०७७।०७८ र आ.व.२०७८।०७९ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । तत्पश्चात साधारण सभामा निर्धारित विषयहरुउपर छलफल तथा निर्णय भएको थियो। साधारण सभा बिहान ११:०० बजे शुरु भई निर्धारित विषयसूची अनुसारका विषयहरुमा छलफल तथा निर्णय गरी दिउँसो १:०० बजे सम्पन्न भएको थियो।

**साधारण सभाको सूचना तथा प्रकाशन:**

(क) दशौँ एवं एघारौं वार्षिक साधारण सभाको सूचना, लेखापरीक्षण प्रतिवेदनसहित आ.व.२०७७।०७८ र आ.व.२०७८।०८९ साल आषाढ मसान्तको वित्तीय विवरणहरू (वासलात, आयविवरण तथा नगद–प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरू) संलग्न गरिएको वार्षिक प्रतिवेदन कम्पनीको वेभसाइट www.mbjcl.com.np मा राखी सबै शेयरधनीहरुलाई उपलब्ध गराइएको थियो।

(ख) दशौँ एवं एघारौं वार्षिक साधारण सभाको सूचना प्रथम पटक मिति २०८०।०२।३० गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा र दोस्रो पटक मिति २०८०।०३।०४ को आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो।

### २. उपस्थिति:

**(क) संस्थागत शेयरधनीहरुको उपस्थिति:**

| क्र.सं. | शेयरवालाको विवरण | | प्रतिनिधिको नाम |
|---|---|---|---|
| १. | श्री चिलिमे जलविद्युत कम्पनी लि. | - | श्री सुजन उप्रेती |
| २. | श्री नेपाल विद्युत प्राधिकरण | - | श्री नवराज बस्नेत |
| ३. | श्री नेपाल अरनिको हाइड्रोपावर कं.लि. | - | श्री प्रेमा गोले |
| ४. | श्री सिन्धुपाल्चोक हाइड्रोपावर कं.लि. | - | श्री श्याम सुन्दर नेपाल |
| ५. | श्री सिन्धु इन्भेष्टमेन्ट कं. प्रा. लि. | - | श्री रुपक धिताल |
| ६. | श्री सिन्धु भोटेकोशी हाइड्रोपावर लि. | - | - |

**(ख) अन्य शेयरधनीहरुको उपस्थिति:**

संस्थागत बाहेकका साधारण शेयरका तर्फबाट २९६ जनाको उपस्थिति भएको थियो।



MBK JCL ESTD. 2010 मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

**(ग) सञ्चालकहरुको उपस्थिति:**

| क्र.सं. | सञ्चालकहरुको नाम | पद विवरण |
|---|---|---|
| १. | श्री सुभाष कुमार मिश्र | अध्यक्ष |
| २. | श्री तुलसीराम ढकाल | सञ्चालक |
| ३. | श्री श्रीरामराज पाण्डे | सञ्चालक |
| ४. | श्री ध्रुव भट्टराई | सञ्चालक |
| ५. | श्री नारायण प्रसाद आचार्य | सञ्चालक |

**(घ) श्री कम्पनी रजिष्ट्रारको कार्यालयका प्रतिनिधिहरुको उपस्थिति:**

| क्र.सं. | प्रतिनिधिको नाम |
|---|---|
| १. | सहायक रजिष्ट्रार श्री अर्जुन खड्का |
| २. | ना.सु. श्री नविन कुमार भट्टराई |

**(ङ) अन्य संघ-संस्थाहरुको प्रतिनिधिहरुको उपस्थिति:**

| क्र.सं. | प्रतिनिधिको नाम | प्रतिनिधित्व गर्ने संस्था |
|---|---|---|
| १. | सिए श्री सुरज कुमार ढकाल | H.K.S.D Associates, Chartered Accountants, पुतलीसडक, काठमाडौं। |
| २. | श्री विजेता शाक्य | Global IME Capital Ltd., Naxal, Kathmandu |
| ३. | श्री मोहन कुमार थापा | कर्मचारी सञ्चयकोष |
| ४. | श्री माधव प्रसाद कोइराला | NEA Engineering Services |
| ५. | श्री गोविन्द प्रसाद अर्याल | नेपाल विद्युत प्राधिकरण |
| ६. | श्री भृकुटी जोशी | Tractebel Engineering GmbH, Kathmandu Office |

**(च) पदाधिकारी एवं अधिकृतहरुको उपस्थिति:**

| क्र.सं. | कर्मचारीहरुको नाम | पद विवरण |
|---|---|---|
| १. | श्री विजयलाल श्रेष्ठ | प्राविधिक प्रबन्धक |
| २. | श्री राम प्रसाद सिलवाल | योजना तथा करार प्रशासन महाशाखा प्रमुख |
| ३. | श्री टिकादत्त ढकाल | प्रमुख वित्त अधिकृत |
| ४. | श्री कमल प्रसाद पण्डित | कम्पनी सचिव |
| ५. | श्री सन्दीप जोशी | मेकानिकल इन्चार्ज |
| ६. | श्री विष्णु नविन दीप बि.सी. | सि. सिभिल इन्जिनियर |
| ७. | श्री सुशील ढुंगाना | सि. सिभिल इन्जिनियर |
| ८. | श्री अरुण प्रसाद न्यौपाने | वित्त अधिकृत |

MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

| | | |
|---|---|---|
| ९. | श्री विमल खकुरेल | आइ.टि. इन्जिनियर |
| १०. | साङ्गे लमु लामा | सिभिल इन्जिनियर |
| ११. | श्री अमन थापा | वातावरण इन्जिनियर |
| १२. | श्री राम राज राय | प्रशासकीय अधिकृत |

## ३. सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरु:

साधारण सभामा निम्न विषयहरू छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएका थिए:

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षले आ.व.२०७७।०७८ र आ.व.२०७८।०७९ को वार्षिक प्रतिवेदनको प्रस्तुति र सो को स्वीकृति सम्बन्धमा।

(२) लेखापरीक्षण प्रतिवेदनसहित आ.व.२०७७।०७८ र आ.व.२०७८।०८९ साल आषाढ मसान्तको वित्तीय विवरणहरू (वासलात, आयविवरण तथा नगद–प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरू) उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।

(३) कम्पनीको सञ्चालक समितिको मिति २०७९।०५।०७ मा बसेको २७९औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ११३ मा भएको व्यवस्था अनुरुप कम्पनी रजिष्ट्रारको कार्यालयमा अनुरोध गरिएकोमा उक्त कार्यालयको मिति २०७९।०५।१४ को स्वीकृति अनुसार लेखापरीक्षक श्री एच.के.एस.डि. एसोसियट्स, चार्टर्ड एकाउन्टेन्टलाई लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व.२०७८।०७९ को लागि मूल्य अभिवृद्धि करबाहेक रु.१,७८,०००।– (एक लाख अठहत्तर हजार मात्र) लेखापरीक्षण शुल्क निर्धारण गरी लेखापरीक्षक नियुक्त गरिएकोले सोको अनुमोदनका साथै आ.व.२०७९।०८० को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।

(४) **विशेष प्रस्ताव:**
(क) विभिन्न संघ संस्थाहरुलाई आर्थिक सहायता दिइएको रकम अनुमोदन गर्ने सम्बन्धमा।
(ख) सञ्चालक समिति सदस्यको निर्वाचन सम्बन्धमा।

(५) विविध।

## ४. सभाको बैधानिकता:

साधारण सभा कम्पनी ऐन, २०६३ मा भएको प्राबधान तथा कम्पनीको नियमावली बमोजिम बोलाइएको र सभा संचालन गर्नको लागि निर्दिष्ट गणपूरक संख्या (बाँडफाँट भएको कूल शेयर संख्याको ५०% भन्दा बढी प्रतिनिधित्व हुनेगरी कुल शेयरधनीहरुमध्ये कम्तिमा तीनजना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधिमार्फत उपस्थित भएको अवस्था) पुगेको कुरा जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग गर्दा उपस्थित शेयरधनीहरुको सभाबाट गणपूरक संख्या पुगेको र सभा रीतपूर्वक बोलाइएको ठहर गरी विधिवतरुपमा सभा संचालन गर्ने निर्णय भयो। वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री सुभाष कुमार मिश्रले गर्नुहुने कुरा पनि सभामा जानकारी गराइयो। त्यसपछि विषयसूची अनुसार सभाको कार्यक्रम प्रारम्भ भयो।

**शेयरधनी महानुभावहरुको उपस्थिति तथा गणपूरक संख्याको विवरण :**

MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

| शेयरधनी किसिम | कायम* | | | उपस्थित भएका शेयरधनीहरूको | | | |
|---|---|---|---|---|---|---|---|
| | शेयरधनी संख्या | शेयर कित्ता | शेयर रकम (रु. हजारमा) | शेयरधनी संख्या | शेयर कित्ता | शेयर रकम (रु.हजारमा) | उपस्थिति प्रतिशत |
| संस्थापक सेयरधनीहरू | ६ | ३,०६,००,००० | ३,०६,००,०० | ५ | ३,००,००,००० | ३,००,००,०० | ५० |
| सर्वसाधारण | ८,८५,२४६ | २,९४,००,००० | २,९४,००,०० | २९६ | १,८५,९२९ | १,८५,९२.९० | ०.६३ |
| जम्मा: | ८,८५,२५२ | ६,००,००,००० | ६,००,००,०० | ३०१ | ३,०१,८५,९२९ | ३,०१,८५,९२.९० | ५०.६३ |

*कम्पनीको बुक क्लोज गरिएको मिति भन्दा एक दिन अगाडी अर्थात् २०८०।०३।०५ सम्म कायम रहेका शेयरधनीहरूको विवरण अनुसार

यस कम्पनीका जम्मा ६(छ) संस्थागत शेयरधनीहरु रहेकोमा संस्थागत शेयरधनीहरुले मनोनयन गरेका ५ जना प्रतिनिधिहरु र अन्य शेयरधनीहरुबाट २९६ जना शेयरधनीहरुको उपस्थिति रहेको थियो।

## ५. सभा संचालन तथा प्रस्तावउपर छलफल:

विषय सूची अनुसार साधारण सभाको कार्यक्रम संचालन भएपछि सञ्चालक समितिका अध्यक्ष श्री सुभाष कुमार मिश्रलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो। तत्पश्चात अध्यक्षले सञ्चालक समितिका तर्फबाट आ.व.२०७७।०७८ एवं २०७८।०७९ को वार्षिक प्रतिवेदन साधारण सभासमक्ष प्रस्तुत गर्नु भयो। अध्यक्षबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि सो प्रतिवेदन तथा शेयरधनीहरूलाई उपलब्ध गराइएको लेखापरीक्षण प्रतिवेदनउपर आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न तथा सो सम्बन्धमा छलफल गर्न अनुरोध गरिएकोमा निम्न शेयरधनीहरुले निम्नानुसारको राय, प्रतिक्रिया तथा सुझाव राख्नु भएको थियो।

**(१) शत्रुधन श्रेष्ठ:**

कम्पनीले लिएको ऋणको ब्याज दर घटाउनेतर्फ पहल गर्नुपर्ने साथै चिलिमे जलविद्युत कम्पनी लि. सरह प्रतिफल दिनुपर्ने, आगामी वर्षहरूमा यथोचित समयमा वार्षिक साधारण सभा सम्पन्न गर्नुपर्ने जस्ता सुझाव दिँदै आफ्नो छोटो मन्तब्य राख्नु भयो।

**(२) चन्द्र नारायण श्रेष्ठ:**

जलविद्युत आयोजना निर्माण लागत वृद्धि भएर रु.१५ अर्ब पुगेको, Construction समय लम्बिएको र कम्पनीको मुद्दती निक्षेप बैकमा हो की अन्य कुनै सहकारीमा राखेको त्यसको विवरण सम्बन्धी जिज्ञासा राख्दै आफ्नो भनाई टुंग्याउनु भयो।

**(३) रोज कुमार श्रेष्ठ:**

उत्पादन भई सके पछि कति वर्षमा प्रतिफल बाँड्न शुरु हुन्छ, यो भन्दा अगाडि प्राकृतिक प्रकोपबाट धेरै प्रभावित हुनु परेकोले आगामी दिनमा प्राकृतिक जोखिमको के कस्तो अनुमान गर्नुभएको छ? साथै, अबको ३० वर्ष पछि संस्थापक एवं सर्वसाधारण शेयरधनीको हकमा के हुन्छ भन्ने आफ्नो जिज्ञासा राखेर मञ्चबाट बिदा हुनु भयो।

**(४) भक्तिप्रसाद उप्रेती:**

प्रतिवेदनमा भएको छपाई गल्तीलाई आगामी दिनमा सच्याउन अनुरोध गर्दै कम्पनीको लेखापरीक्षण प्रतिवेदन अंग्रेजी र नेपाली दुबैमा हुनुपर्ने र चिलिमे जलविद्युत कम्पनी लि.को सिको गर्दै अन्य दीर्घकालीन सम्भाव्यका योजनाहरूको अध्ययन गर्नुपर्ने, आगामी दिनमा रन अफ रिभर बाहेक रिजर्भवायरमा आधारित परियोजनाको विकास गर्ने तर्फसमेत दृष्टि राख्नु पर्ने,

परियोजनाको पुरै बिमा गर्नुपर्ने जस्ता सुझाव दिँदै आगामी आ.व. २०८०/०८१ मा २०% लाभांश पाउने अपेक्षा सहित आफ्नो भनाइको अन्त्य गर्नुभयो।

**(५) सुदिप श्रेष्ठ:**

हाइड्रोपावरको लगानी दीर्घकालीन लगानी हुने तथा लगानी कर्तालाई प्राप्त हुने प्रतिफल पनि धेरै समयको पर्खाइ पछि मात्र प्राप्त हुने भएकोले त्यो अवधिमा विभिन्न प्राकृतिक प्रकोपले समस्या दिई रहने कुरालाई दृष्टिगत गर्दै त्यस्ता प्राकृतिक विपत्ति न्यूनीकरणका लागि के कस्तो योजना छ भन्ने जिज्ञासा राख्दै आगामी दिनमा चिलिमे जलविद्युत कम्पनी लि. जस्तै उन्नति र प्रगतिको कामना सहित आफ्ना भनाईलाई अन्तिम रूप दिनु भयो।

**(६) अमिर दास रञ्जित:**

विद्युत प्रसारण लाइन सम्बन्धी वर्तमान स्थितिबारे जिज्ञासा राख्दै ऋण सम्झौता गर्दा Interest Rearrange गर्नुपर्ने तथा बोर्डको आकार घटाउन सुझाव दिनु भयो।

**(७) डम्बरु बल्लभ घिमिरे:**

जति सक्दो छिटो उत्पादन गर्नुपर्ने, चिलिमे जलविद्युत कम्पनी लि.ले जस्तै नियमित लाभांश दिने अपेक्षा राख्दै सञ्चालक समितिको संख्या घटाउन सुझाव दिनु भयो।

**(८) उत्तम पाठक:**

कम्पनीले प्राप्त गरेको आयोजना Licence Period ३५ वर्षको मात्र रहेकोले प्राकृतिक प्रकोपको कारण निर्माण अवधि लम्बिएकोले निर्माणको अवधिको समय छुटको लागि पहल गर्नु पर्नेमा जोड दिँदै समय समयमा शेयरहोल्डरहरुलाई आयोजना स्थल भिजिट गराउनु भएमा आयोजना बारे अझै धेरै विश्वास बढ्ने र अन्य निजी परियोजनाको तुलनामा प्रति मे.वा. को हिसाबले कम लागतमै सम्पन्न हुन लागेकोमा खुशी व्यक्त गर्नु भयो।

**(९) महेन्द्र बहादुर श्रेष्ठ:**

आयोजना निर्माणको समयमा स्थानीयसँग प्रत्यक्ष सरोकार हुने भएकोले वातावरण संरक्षण तथा Social Welfare लाई ध्यानमा राखेर स्थानीयलाई समेटेर अगाडी बढ्नुपर्ने तथा सञ्चालक समितिको साइजमा ध्यान दिई वार्षिक साधारण सभा समयमै गर्नुपर्ने सुझाव दिनुभयो।

**६. सञ्चालक समितिका अध्यक्ष श्री सुभाष कुमार मिश्रको जवाफ:**

शेयरधनीहरुले दिनुभएको रचनात्मक सुझाव सल्लाहको लागि धन्यवाद दिनु भयो। उक्त सुझाव सल्लाहले गल्ती सच्याउन र भविष्यमा मार्गदर्शन गर्न सहज हुने विचार व्यक्त गर्नुभयो। साथै, शेयरधनीबाट प्राप्त सुझाव र जिज्ञासालाई क्रमश: सम्बोधन गर्दै जाने जानकारी दिनु भयो। आयोजनाको काममा बढि ध्यान भएको हुनाले समयमै वार्षिक साधारण सभा सम्पन्न गर्न नसकेकोमा क्षमायाचना गर्दै आगामी वर्षहरुमा कम्पनी ऐनले तोकेको समय सिमा भित्रै वार्षिक साधारण सभा गर्ने प्रतिबद्धता जनाउनु भयो। ऋणको व्याज दर घटबढ भई रहने व्यहोरा समेत प्रष्ट पार्नुभयो। कम्पनीले वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकसँग मात्र आर्थिक कारोबार गरिरहेको व्यहोरा सभालाई जानकारी गराउनु भयो। आयोजनाका संरचनाहरु डिजाइन अनुरुप निर्माण सम्पन्न भइसकेकोले प्राकृतिक जोखिमहरु न्यूनीकरण हुने अपेक्षा राखिएको व्यहोरा समेत जानकारी गराउनु भयो। उत्पादन अनुमतिपत्रको अवधि बढाउनका लागि कम्पनीको तर्फबाट सक्दो प्रयास हुने, शेयरधनी महानुभावहरुले

MBK JCL ESTD. 2010 मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

अनुरोध गरे बमोजिम लेखापरीक्षण प्रतिवेदन निर्धारित समयमै उपलब्ध गराइने, सञ्चालक सदस्य संख्या साविकको प्रबन्धपत्रको व्यवस्था बमोजिम नै रहेकोमा शेयरधनीहरुको सुझाव अनुसार संशोधनका लागि उपयुक्त समयमा आवश्यक पहल गरिने व्यहोरा सभालाई जानकारी गराउनु भयो। संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सामाजिक क्षेत्रका विभिन्न संघ-संस्थालाई सहयोग गरिरहिएको समेत जानकारी सभालाई गराउनु भयो। हाल आयोजनाको ९५% काम सकिसकेको र उपकरण जडान गर्ने काम तिब्र गतिमा भइरहेको, प्रशारण लाइनको कार्यलाई यथाशिघ्र सम्पन्न गर्ने गरी काम भइरहेको र कम्पनीको वित्तीय क्षमता अनुसार उपयुक्त दरमा शेयरधनीलाई प्रतिफल दिन कम्पनी व्यवस्थापन सधैँ प्रतिबद्ध रहेको व्यहोरा समेत सभालाई जानकारी गराउनु भयो।

**७. प्रस्ताव तथा निर्णयहरु:**

विषयसूची अनुसार निर्णयार्थ पेश भएका निम्न प्रस्तावहरुमा सभाले निम्न बमोजिम निर्णय गर्यो:

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षले प्रस्तुत गर्नु भएको आ.व.२०७७।०७८ र आ.व.२०७८।०७९ को वार्षिक प्रतिवेदन उपर छलफल भई त्यसमा उठेका प्रश्न तथा जिज्ञासा स्पष्ट गरी सकिएकोले उक्त प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित भयो।

(२) लेखापरीक्षण प्रतिवेदनसहित आ.व.२०७७।०७८ र आ.व.२०७८।०८९ साल आषाढ मसान्तको वित्तीय विवरणहरू (वासलात, आयविवरण तथा नगद-प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरू) साधारण सभाको विषयसूचीसँगै शेयरधनीलाई उपलब्ध गराइएको र उक्त विवरणहरुउपर छलफलसमेत भइसकेकोले पारित गरिदिनका लागि सभा समक्ष प्रस्तुत गरिएकोमा आ.व.२०७७।०७८ र आ.व.२०७८।०७९ को आर्थिक विवरणहरु प्रस्तुत गरिए बमोजिम नै सर्वसम्मतिबाट पारित भयो।

(३) कम्पनीको सञ्चालक समितिको मिति २०७९।०५।०७ मा बसेको २७९औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ११३ मा भएको व्यवस्था अनुरुप कम्पनी रजिष्ट्रारको कार्यालयमा अनुरोध गरिएकोमा उक्त कार्यालयको मिति २०७९।०५।१४ को स्वीकृति अनुसार लेखापरीक्षक श्री एच.के.एस.डि. एसोसियट्स, चार्टर्ड एकाउन्टेन्टलाई लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व.२०७८।०७९ को लागि मूल्य अभिवृद्धि करबाहेक रु.१,७८,०००।– (एक लाख अठहत्तर हजार मात्र) लेखापरीक्षण शुल्क निर्धारण गरी लेखापरीक्षक नियुक्त गरिएकोले सोको अनुमोदनका लागि सभा समक्ष प्रस्ताव राखिएकोमा उक्त प्रस्ताव सर्वसम्मतले पारित भई आ.व.२०७८।०७९ को लागि मूल्य अभिवृद्धि करबाहेक रु.१,७८,०००।– (एक लाख अठहत्तर हजार मात्र) लेखापरीक्षण शुल्क निर्धारण गरी लेखापरीक्षक श्री एच.के.एस.डि. एसोसियट्स, चार्टर्ड एकाउन्टेन्टलाई गरिएको नियुक्ति अनुमोदन गर्ने निर्णय भयो।

साथै, यस कम्पनीको आ.व.२०७९।०८० को लेखापरीक्षणको लागि कम्पनीको लेखापरीक्षण समितिको मिति २०८०।०२।१९ गतेको बैठकबाट सिफारिस भई आए अनुसार लेखा परीक्षक फर्म श्री H.K.S.D. Associates, Chartered Accountants, पुतलीसडक, काठमाडौं सम्बद्ध सिए. श्री हरि कुमार सिलवाललाई यस कम्पनीको वैधानिक लेखापरीक्षक नियुक्ति गर्न र निजको पारिश्रमिक (लेखापरीक्षण शुल्क) मू.अ. करबाहेक रु.१,९५,८००।- (एक लाख पन्चानब्बे हजार आठ सय मात्र) तोक्न साधारण सभामा प्रस्ताव पेश गर्न सञ्चालक समितिको मिति २०८०।०२।२२ को ३०५औं बैठकले निर्णय गरेको व्यहोरा सभा समक्ष प्रस्तुत भयो। प्रस्तुत प्रस्ताव उपर छलफल हुँदा आ.व.२०७९।०८० का लागि कम्पनीको हिसाब किताब लेखापरीक्षण गर्न लेखापरीक्षक फर्म श्री H.K.S.D. Associates, Chartered Accountants, पुतलीसडक, काठमाडौं सम्बद्ध सिए. श्री हरि कुमार सिलवाललाई



MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

लेखापरीक्षकमा नियुक्ति गर्ने र लेखापरीक्षण शुल्कवापत साविककै मू.अ.करबाहेक रु.१,७८,०००।– (एक लाख अठहत्तर हजार मात्र) तोक्ने निर्णय सर्वसम्मतिबाट भयो।

(४) **विशेष प्रस्ताव:**
(क) आ.व.२०७७।०७८ र आ.व.२०७८।०७९ मा विभिन्न संघ-संस्थाहरुलाई क्रमश: रु.४६,५००।- (छ्यालीस हजार पाँच सय) र रु.१,६४,५००।– (एक लाख चौसठ्ठी हजार पाँच सय मात्र) गरी जम्मा रु.२,११,०००।– (दुई लाख एघार हजार मात्र) आर्थिक सहयोग गरिएकोले सो को अनुमोदनका लागि सम्मानित सभामा निर्णयार्थ प्रस्ताव पेश गरिएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो।
(ख) सर्वसाधारण समूहको तर्फबाट प्रतिनिधित्व गर्ने एक जना महिला सहित चार जना सञ्चालकहरुको निर्वाचन गर्ने प्रयोजनका लागि तयार गरिएको कार्यक्रम सहित प्रस्ताव गरिएकोमा सो प्रस्ताव सर्वसम्मतिले पारित भयो।

(५) **विविध:** विविधमा कुनै प्रस्ताव नआएको।

## ६. प्रस्तावहरु पारित भएको घोषणा, धन्यवाद ज्ञापन तथा साधारण सभा समापन भएको उद्घोषण:

दशौँ एवं एघारौं वार्षिक साधारण सभामा प्रस्तुत गरिएका सबै प्रस्तावहरु सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नुहुँदै अध्यक्षले उक्त प्रस्तावहरु पारित गरिदिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो।

शेयरधनी महानुभावहरुले रचनात्मक सुझाव र सल्लाह दिई कम्पनीलाई मार्गदर्शन गरिदिनु भएकोमा अध्यक्षले धन्यवाद दिनुभयो। शेयरधनीको सल्लाह र सुझाव अनुसार कम्पनीले आफ्नो कार्य सम्पादनमा क्रमश: सुधार गर्दै लैजाने विश्वास दिलाउनुका साथै सभामा उपस्थित भई सभा सफलता पूर्वक सम्पन्न गर्न सहयोग गरिदिनु भएकोमा पुन: सबैलाई धन्यवाद ज्ञापन गर्दै सभा समापन भएको घोषणा गर्नुभयो।

उक्त सभाको औपचारिक कार्यक्रम अपरान्ह १:०० बजे सम्पन्न भएको थियो।

माथि उल्लिखित विवरणहरु दशौँ एवं एघारौं वार्षिक साधारण सभाको काम कारबाहीको यथार्थ अभिलेख हो।

..............................
(कमल प्रसाद पण्डित)
कम्पनी सचिव

MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

..............................
(सुभाष कुमार मिश्र)
अध्यक्ष